# भूमे साप्ताहिक

वर्ष ५ | अङ्क १ | २०८० बैशाख ०६ बुधबार


सम्पादकीय

## अबको काम गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा

भूमे गाउँपालिकाका ९ वटै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाई स्थापनासँगै पालिकाबासीलाई स्वास्थ्य सेवाका लागि सहज भएको छ। गाउँपालिका स्थापना हुनुअघि भूमे गाउँपालिका पर्ने क्षेत्रमा ५ वटा स्वास्थ्य चौकी रहेका थिए। पछिल्लो ६ वर्षमा गाउँपालिकाले ९ स्वास्थ्य केन्द्र स्थापना गरेसँगै हाल पालिकाभर १४ वटा स्वास्थ्य संस्थाबाट सेवा सुचारु भएको छ।

भौगोलिक रुपमा दुर्गम र पहाडी क्षेत्र भएकाले यहाँका नागरिकलाई सामान्य स्वास्थ्य समस्या हुँदा पनि निकै टाढा पुग्नु पर्ने बाध्यता थियो। गाउँमै स्वास्थ्य संस्था नहुँदा नागरिकलाई सामान्य औषधी उपचारका लागि छिमेकी जिल्ला रोल्पाको थबाङ वा जिल्ला सदरसुकाम रुकुमकोटसम्म पुग्नुपर्थ्यो। अब हरेक वडामा स्वास्थ्य संस्था स्थापना भएपछि जटिल समस्याबाहेक बिरामीको उपचार र औषधीका लागि टाढासम्म धाउनु पर्ने बाध्यता हटेको छ। यसका लागि स्थानीय सरकार, जनप्रतिनिधि एवं राष्ट्रसेवक कर्मचारीहरुको पहलकदमी र सक्रियतालाई हामी सबैले सम्मान गर्नै पर्दछ।

गाउँमै स्वास्थ्य संस्था स्थापना हुनु निकै सुखद पक्ष हो। अब यी स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवा, सुविधा गुणस्तरीय र प्रभावकारी कसरी बनाउन सकिन्छ भन्नेतर्फ सबैले सोच्न जरुरी छ। संघीय सरकारले नै घोषणा गरेका निःशुल्क औषधीहरुका साथै भूमे गाउँपालिकाका बासिन्दालाई आइपर्ने नियमित स्वास्थ्य समस्याहरु के के हुन सक्छन्, तिनको पहिचान गरी त्यस्ता स्वास्थ्य समस्याको उपचार सेवा र औषधी गाउँकै स्वास्थ्य संस्थाबाट उपलब्ध हुने गरी स्थानीय सरकार र जनप्रतिनिधिहरुले सोच्नु पर्दछ। दीर्घ रोगीहरुले खाने नियमित औषधी गाउँमा उपलब्ध नहुन सक्छन्, त्यस्ता बिरामीहरुको पहिचान गरी उनीहरुलाई पायक पर्ने स्वास्थ्य संस्थामै औषधी उपलब्ध गराउन सकिन्छ। संस्था स्थापना हुनुमात्रै सबैथोक होइन, यो त शुरुवात मात्रै हो। अब गुणस्तरीय र प्रभावकारी सेवा दिन सक्नु र भूमेबासीलाई सहज, सरल र निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरेको महसुस गराउन सक्नुमै यसको सार्थकता हुनेछ। ❑




प्रकाशक

भूमे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश नेपाल

# भूमे गाउँपालिकामा शुरु भयो कोसेली घर




**कोसेली घरमा भूमे गाउँपालिकामा उत्पादन भएका विभिन्न खाद्यान्न र हस्तकलाका सामानहरु राखिएको मारिङ बहुउद्धेश्यीय सहकारी संस्थाका अध्यक्ष रामसुर बुढाले बताउनु भयो।**

❖ बालाराम शेर्पाली

मारिङ बहुउद्धेश्यीय सहकारी संस्थाले भूमे गाउँपालिकामा कोसेली घर सञ्चालनमा ल्याएको छ। स्थानीय उत्पादनको प्रवर्द्धन र प्रचार प्रसारका लागि भूमे गाउँपालिकाको खाबाङबगरमा कोसेली घर सञ्चालनमा ल्याइएको हो।

कोसेली घरमा भूमे गाउँपालिकामा उत्पादन भएका विभिन्न खाद्यान्न र हस्तकलाका सामानहरु राखिएको मारिङ बहुउद्धेश्यीय सहकारी संस्थाका अध्यक्ष रामसुर बुढाले बताउनु भयो। "भूमे गाउँपालिकामा विभिन्न सीप कला भएका मानिसको बसोबास रहेको छ।" अध्यक्ष बुढाले भन्नुभयो, "उनीहरुको सीप कला हात हातै भए पनि बाहिर प्रस्फूटन हुन नसकेकोले कोसेली घर सञ्चालनमा ल्याइएको हो।"

कोसेली घरमा काठबाट बनेका ठेकी, मूर्ति, काठको भाँडाकुडा र फलामबाट बनेका खुकुरी,

कुटो, कोदालो, हसिया राखिएको छ। यस्तै निगालोबाट बनाइएका डोको, नाम्लो, मान्द्रो पनि राखिएको छ। त्यस्तै स्थानीय उत्पादनहरु मकै, गहुँ, जौ, फापर, कोदो, भटमास, सिमी लगायतका खाद्यान्नहरु कोसेली घरमा भन्डारण गरिएको छ।

किसानहरुले उत्पादन गरेको खाद्यान्न वस्तु कोसेली घरले खरिद गर्दछ। किसानहरुले आफूले ल्याएको वस्तुको मूल्य नगद पैसाको सट्टा दैनिक उपभोग्य सामानहरु दाल, चामल, नून, तेल, साबुन लगायत लिने गरेको अध्यक्ष बुढाले जानकारी दिनुभयो। कोसेली घरको स्थापना भएपछि स्थानीय उत्पादनको प्रचारका साथै बिक्री वितरणमा पनि सहज भएको स्थानीयबासीको भनाइ छ।

घरमा उत्पादित सामानले मूल्य नपाएको अवस्थामा पनि कोसेली घरमा भण्डारण गर्न सकिने र त्यही मूल्यको सामान लैजान पाउने भएपछि स्थानीयलाई दैनिक उपभोग्य सामान खरिदका लागि सहज भएको छ।

# भूमे गाउँपालिकाका २५ सय किसान सूचीकरणमा

❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व)को भूमे गाउँपालिकाले पालिकाभित्र रहेका कृषकहरुको विवरण संकलन गरेको छ। पालिकाले किसान सूचीकरण अभियान सञ्चालन गरी २५ कृषकहरुलाई सूचीकरण गरेको हो। भूमे गाउँपालिकाले २०७९ चैत ७ गतेदेखि २४ गतेसम्म कृषकका घर घरमै पुगेर किसान सूचीकरण गरिएको थियो।

कृषक परिचय पत्र वितरण कार्यक्रमअन्तर्गत ६२६ जना कृषकहरुको पूर्ण विवरण प्राप्त गर्ने भएको छ भने १ हजार ९ सय २१ जना कृषकहरुको अपूर्ण विवरण प्राप्त भएको भूमे गाउँपालिकाका कृषि शाखा प्रमुख स्वतन्त्रराज चौधरीले जानकारी दिनुभयो। जसमा वडा नम्बर १ मा २२ जना, वडा नम्बर २ मा ३६ जना, वडा नम्बर ३ मा ५ जना, वडा नम्बर ४ मा १५ जना, वडा नम्बर ५ मा ६८ जना, वडा नम्बर ६ मा ६२ जनाको पूर्ण विवरण प्राप्त भएको छ। त्यस्तै वडा नम्बर ८ मा ५९ जना र वडा नम्बर ९ मा ११६ जना कृषकको पूर्ण विवरण प्राप्त भएको शाखा प्रमुख चौधरीले जानकारी दिनुभयो।

सूचीकरणमा प्राप्त विवरणलाई अहिले गाउँपालिकाले ठीक रहे/नरहेको छानबिन गरिरहेको छ। प्राप्त विवरण ठीक भएको खण्डमा पालिकाले किसान सूचीकरणमा प्रकाशन गरी किसान परिचय पत्र वितरण गरिनेछ।

किसान सूचीकरण गर्दा कृषकलाई प्रत्यक्ष लाभ हुने देखिएको छ।

# गाउँपालिकाका सबै वडामा स्वास्थ्य संस्था स्थापना

❖ **बालाराम शेर्पाली**



रुकुम (पूर्व)को भूमे गाउँपालिकाका नागरिकले सामान्य औषधी उपचारका लागि घण्टौं पैदल हिड्नुपर्ने बाध्यताबाट छुटकारा पाउने भएका छन्। ४ वटा आधारभूत स्वास्थ्य केन्द्र र ५ वटा सामुदायिक स्वास्थ्य केन्द्र गरी ९ ठाउँमा गाउँपालिकाले आफै स्वास्थ्य संस्था स्थापना गरेपछि नागरिकले स्वास्थ्य सेवा लिन सहज भएको हो।

गाउँपालिका हुनु भन्दा अघि यस गाउँपालिकाभित्र ५ वटा स्वास्थ्य चौकी मात्र रहेका थिए। गाउँपालिकाको संरचना आएपछि गाउँपालिकाले ९ स्वास्थ्य केन्द्र स्थापना गरेको छ। हाल पालिकाभर १४ वटा स्वास्थ्य संस्थाबाट सेवा दिइरहेको गाउँपालिका स्वास्थ्य शाखाका संयोजक उपेन्द्र यादवले बताउनु भयो। "स्वास्थ्य नीतिका अनुसार स्वास्थ्य सेवा लिन भौगोलिक हिसाबले टाढा भएमा जनसङ्ख्याका आधारमा स्थानीय सरकारले स्वास्थ्य केन्द्र स्थापना गरी सर्वसाधारणलाई स्वास्थ्य सेवा दिनु पर्छ भनिएको छ" यादवले भन्नुभयो, "सोही अनुसार गाउँ कार्यपालिकाको निर्णय अनुसार गाउँपालिकाले स्वास्थ्य केन्द्र स्थापना गरी गाउँपालिकाबासीलाई सेवा दिइराखिएको छ।"

"स्वास्थ्य चौकी नभएका वडामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरिएको छ" यादवले भन्नुभयो, "कुनै बस्तीका नागरिक स्वास्थ्य सेवा लिनका लागि धेरै समय लाग्ने गाउँमा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गरिएको छ।"

भूमे-१ लुकुम, भूमे-५ सेराबाङ, भूमे-७ धर्मशाला र भूमे-८ कोर्जामा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरिएको छ। यसैगरी भूमे-३ झुम्लाबाङ, भूमे-८ कुचिबाङ, भूमे-६ खाम्दै, भूमे-७ गुनाम र भूमे-५ दालिबाङमा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गरी सेवा दिइराखिएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनु भयो। गाउँमा पालिकाले स्थापना गरेको स्वास्थ्य केन्द्रले सेवा सहज भएको गुनामका धनमान बुढा मगरले बताउनु भयो।

# जनताको विश्वास टुट्न दिने छैन

## मनकाजी पुन, वडा अध्यक्ष, भूमे गाउँपालिका वडा नं. १



**वडा अध्यक्षमा निर्वाचित भइसकेपछि वडाको समग्र विकासका गतिविधि कसरी अगाडि बढाउनु भएको छ?**

वडा अध्यक्ष पदमा निर्वाचित भइसकेपछि प्रशासनिक कामसँगै वडाको समग्र विकासको लागि खटिएको छु। हाम्रो वडा नम्बर १ अलि धेरै छरप्रष्ट रहेको छ। भौगोलिक रुपमा ठूलो र बस्तीहरु पनि धेरै रहेका छन्।

हाम्रो वडामा लुकुम, रेगु, तिला, पञ्चासे,नरिबाङ, रुजिखोला, खुइम, सोपाल, गर्बाङ, बर्पीसित, रिकुङ, लाम्पता, घर्तीमाला लगायत २२ वटा टोल रहेका छन्। यी सबै टोलहरुमा लगभग ७५० घरधुरी रहेका छन्। वडामा विकास निर्माणको कुरा गर्दा चालु आर्थिक वर्षको धेरै बजेट विद्यालयको भौतिक पूर्वाधार मर्मतमा छुट्याइएको छ। सिधचौर माध्यमिक विद्यालय लुकुम, भूमि आधारभूत विद्यालय रुकुमखोला र बराह आधारभूत विद्यालयको भौतिक पूर्वाधार ज्यादै जीर्ण रहेको हुँदा मर्मतका लागि बजेट बिनियोजन गरिएको छ।

**वडामा कृषि उत्पादनको अवस्था कस्तो छ?**

हाम्रो वडाका गाउँबस्ती छरिएर रहेका छन्। वडामा आलु उत्पादन राम्रो हुने गरेको छ। अन्य तरकारी, खाद्यान्नभन्दा आलु उत्पादन राम्रो हुने भएकाले हाम्रो वडामा आलु खेती पकेट क्षेत्र घोषणा गरिएको छ। उत्पादन धेरै हुने भए पनि आलु बिक्रीका लागि बजार नहुँदा किसानले उचित मूल्य पाएका छैनन्। साथै सिजनमा आलु भन्डारणको व्यवस्था नहुँदा किसानको मेहनत र लगानी खेर गइरहेको छ। किसानको समस्या समाधानको लागि गाउँपालिका र प्रदेश सरकारले विशेष ध्यान दिन जरुरी छ।

**शिक्षा क्षेत्रको विकासका लागि के कस्ता कामहरु गर्नुभएको छ नि?**

शिक्षा क्षेत्रको विकासका लागि विद्यालयहरुको नियमित अनुगमन, विद्यालय सञ्चालन तथा

परिचालनका लागि आवश्यक नीति नियम बनाउने काम भएको छ। महिनाको १ पटक अनिवार्य विद्यालयमा शिक्षक र विद्यार्थीको उपस्थिति छ कि छैन भनेर जनप्रतिनिधिहरुले नै अनुगमन गर्ने गरेका छौं।

मैले पहिले पनि भनें चालु आर्थिक बर्षको करिब करिब सबै पूँजीगत बजेट हाम्रो वडा रहेका ३ वटा विद्यालयको भौतिक पूर्वाधारका लागि छुट्याइएको छ। साथै सामुदायिक विद्यालयको पठनपाठन अब्बल बनाउन सरोकारवाला पक्षसँग मासिक रुपमा छलफल गरिराखेको छ। जसले गर्दा विद्यालयको पठनपाठनमा क्रमशः सुधार हुँदैछ।

**वडामा कुन जातजातिको बसोबास रहेको छ?**

हाम्रो वडामा विभिन्न समुदायको बसोबास छ। विशेष गरी मगर, दलित, गुरुङ र केही घर क्षेत्री जातिको बसोबास रहेको छ। यस वडामा विविध जातिको बसोबास रहे पनि प्रायजसो प्रकृतिपूजक धर्म मान्दछन्। कतिपयले क्रिश्चियन धर्म पनि मान्दछन्। हाम्रो वडाको भूमि पूजाको पुजारी दलित समुदायका हुने गर्दछन्।यहाँ आ-आफ्नै चालचलन र भेषभूषा छुट्टाछुट्टै रहेको छ। विशेष गरी यहाँ भूमि पूजा, भूमे पर्व, माघे सकराँती र दशैं तिहार भव्य रुपमा मनाउने गर्दछन्।

**तपाई वडाबासीलाई केही भन्न चाहनुहुन्छ?**

मलाई आफ्नो अमूल्य भोट दिएर वडा अध्यक्षमा जिताउनु हुने सम्पूर्ण १ नम्बर वडाबासीलाई धन्यवाद दिन चाहन्छु। जसरी मलाई विश्वास गरेर वडा अध्यक्षमा जिताउनु भएको छ, त्यसरी नै मैले जनताको विश्वास टुट्न दिने छैन। जनताको हित र वडाको विकासका लागि म सदैव तयार हुनेछु। मैले गरेका राम्रा कामहरु अरुलाई सुनाई दिनुहोला, वडा अध्यक्षको भूमिकामा आइसकेपछि जान वा अज्ञानमा नराम्रो काम केही भएको रहेछ भने मलाई भनिदिनुहोला।

*प्रस्तुति : बालाराम शेर्पाली*

# गाउँघर खोप क्लिनिक निर्माणका लागि छलफल

रुकुम (पूर्व)को भूमे गाउँपालिका वडा नम्बर ८ सिमखोलामा गाउँघर खोप क्लिनिक स्वास्थ्य एकाईको भवन निर्माणका लागि जनप्रतिनिधि, बुद्धिजीवी र स्थानीयबासीले छलफल गरेका छन्।

भेलामा स्वास्थ्य एकाई भवन निर्माण गर्नको लागि जग्गा अनुदान सम्बन्धी विषयमा छलफल गरिएको थियो। आफ्नै गाउँघरमा स्वास्थ्य एकाई निर्माण हुने भएपछि उपचारको लागि घन्टौं हिड्नुपर्ने समस्याको अन्त्य हुने भयो भन्दै स्थानीयबासी खुसी भएका छन्।

भेलामा भूमे गाउँपालिका वडा ८ का अध्यक्ष दिनेश रोका, वडा सदस्य अनिता बिक, भूमे गाउँपालिका वडा नम्बर ६ महतका स्वास्थ्य इन्चार्ज झलक पुन र सिमखोलाबासीको उपस्थिति रहेको थियो। गाउँमै स्वास्थ्य एकाई भवन निर्माण भएपछि सबै बिरामीहरुले नजिकैको स्वास्थ्य एकाईबाट सेवा लिन सक्ने इन्चार्ज झलक पुनले बताउनु भयो।

# प्रचारको पर्खाइमा बैला सम्धी गुफा चुनबाङ



❖ चन्द्रसिंह श्रेष्ठ

**करिब ३६ मिटर गहिराईमा चमेरा बस्ने गुफामा नेपाल एकीकरणका बेलामा तत्कालीन चौबीसे राज्यका सैनिकहरु उक्त गुफामा लुकेर बाँचेको स्थानीय जनश्रुति पाइन्छ।**

भूमे गाउँपालिका वडा नं. ९ को चुनबाङमा बैला सम्धि गुफा नामक अद्भूत गुफा रहेको छ। करिब ३६ मिटर गहिराईमा चमेरा बस्ने गुफामा नेपाल एकीकरणका बेलामा तत्कालीन चौबीसे राज्यका सैनिकहरु उक्त गुफामा लुकेर बाँचेको स्थानीय जनश्रुति पाइन्छ।

चुनबाङ गैरीगाउँबाट पैदल पुग्न सकिने उक्त गुफाभित्र चाँदी रङका ढुङ्गाका विभिन्न आकृतिहरु हेर्न पाइन्छ। आर्थिक वर्ष २०६९।०७० मा संसद विकास कोषबाट रु. ५०,०००।- रकम खर्च गरी गोरेटो बाटो र गुफा प्रवेश द्वार निर्माण गरिएको छ।

उक्त स्थानमा खानेपानी तथा शौचालयको सुविधा र बिजुली बत्तीको सुविधासहितको पूर्वाधार निर्माण गरी प्रचार प्रसार गर्न सकेको खण्डमा पर्यटनको क्षेत्रमा थप योगदान पुऱ्याउने सम्भावना उक्त गुफा रहेको छ।

| | |
|---|---|
| पर्यटकीय गन्तव्यको नाम | बैला सम्धी गुफा |
| स्थान | रुकुम) पूर्व (जिल्ला भूमे गाउँपालिका वडा नं ९ मसिना |
| विशेषता | अद्भुत प्राकृतिक आकर्षण भएको ३६ मिटर गहिराईमा चमेरा बस्ने गुफा। नेपाल एकीकरणका क्रममा सैनिकहरु लुकेको गुफा |
| पहुँच, पूर्वाधार र अन्य सुविधा | पदमार्गबाट पुग्न सकिने |
| प्रस्तावित गन्तव्य नजिकका अन्य आकर्षक गन्तव्य | जनयुद्ध संग्रहालय, दलित नमूना वस्ती, रुकुमकोट कमल ताल, महत युद्ध फिचर |
| पर्यटकले समय व्यतित गर्न सक्ने आधार | अध्ययन, अनुसन्धान, अवलोकन |
| लोकप्रियता | नेपाल एकीकरणका क्रममा चौबीसे राज्यका सैनिकहरु लुकेको प्राकृतिक गुफा |
| हालसम्मको भौतिक तथा वित्तीय लगानी र प्रतिफल | संसद विकास कोषबाट आर्थिक वर्ष २०६९।०७० मा रु. ५०,०००।– को गोरेटो बाटो निर्माण |
| विकास गर्न सकिने सम्भावना | गुफा प्रवेशद्वार निर्माण, खानेपानी तथा शौचालयको सुविधा र बिजुली बत्तीको सुविधासहित पूर्वाधार निर्माण गरी प्रचार प्रसार गर्न सकिने। |

# बजेट तर्जूमा छलफल

❖ **बालाराम शेर्पाली**

रुकुम (पूर्व) को भूमे गाउँपालिका वडा नम्बर ८ ले आगामी आर्थिक वर्ष २०८०/०८१ सालको वार्षिक बजेटबारे विभिन्न टोलमा छलफल सम्पन्न गरेको छ। वडा नं. ८ का सिमखोला, भलाबोट र कुचिबाङमा आगामी वर्षको बजेट तर्जुमा छलफल कार्यक्रम सम्पन्न गरिएको हो।

कार्यक्रममा स्थानीयबासीले अघिल्ला वर्षहरुमा आफ्नो टोल बस्तीमा विकास निर्माणका लागि कुनै पहल नगरिएको र बजेट नछुट्याएको गुनासो गरेका थिए। आगामी बजेटका सन्दर्भमा छलफल आयोजना गरिएकोमा खुसी व्यक्त गर्दै स्थानीयले छलफलमा उठाइएका विकास योजनाहरुको सम्बोधन हुनुपर्ने पनि बताएका थिए। उनीहरुले शिक्षा, स्वास्थ्य, खानेपानी, गोरेटो बाटो निर्माण, सिँचाइ र गाउँघर खोप क्लिनिक स्वास्थ्य इकाईको भवन निर्माण लगायतका माग राखेका छन्। साथै रुकुम (पूर्व)लाई अर्गानिक जिल्ला घोषणा गरिएको हुँदा कृषि क्षेत्रमा उन्नत तरकारी तथा फलफूल खेतीका लागि बजेट विनियोजन गर्न जोड दिएका छन्।

छलफलमा स्थानीय जनताको चाहना र मागलाई आगामी आर्थिक वर्षको बजेटबाट सम्बोधन गर्ने र भ्रष्टाचारलाई शून्य बनाई काम गर्ने वडा अध्यक्ष दिनेश रोकाले बताउनु भयो। छलफल कार्यक्रममा वडा नम्बर ८ को अध्यक्ष दिनेस रोका, दलित महिला सदस्य अनिता कामी, वडा सदस्य टिकाराम बिक, भूमे गाउँपालिका कार्यपालिका सदस्य फोमली बुढा, स्थानीय बुद्धिजीवी, समाजसेवी तथा स्थानीय वडाबासीहरुको उपस्थिति रहेको थियो।

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. पुतली बाजे भनी कसलाई चिनिन्छ?**

≅ कोलिन स्मिथ

– जीवनको लामो कालखण्ड पुतलीको अनुसन्धानमा बिताएका स्मिथले त्यसबारे थुप्रै पुस्तकसमेत प्रकाशन गरेका छन्।

– स्मिथ सन् १९६६ मा युनाइटेड मिसनमार्फत् शिक्षण पेसाका लागि नेपाल आएका।

– उनले गोरखाको अमरज्योति मावि (लुइँटेल)मा अध्यापन गरेका। पूर्वप्रम डा. बाबुराम भट्टराई र दिवङ्गत भइसकेका वरिष्ठ चिकित्सक उपेन्द्र देवकोटा उनका शिष्य थिए।

– लामो समयदेखि नेपालमा रहँदै आएका बेलायतका नागरिक कोलिन स्मिथलाई उनको योगदानको कदर गर्दै सन् २०१९ डिसेम्बरमा मानार्थ नागरिकता प्रदान गरिएको। २०७६ कात्तिक २९ को मन्त्रिपरिषद् बैठकले यससम्बन्धी निर्णय गरेको थियो।

– सगरमाथा आरोही एडमन्ड हिलारी र विश्वप्रसिद्ध भूगर्भविद् टोनी हेगनपछि उनलाई यो प्रकृतिको नागरिकता दिइएको। नेपालको मानार्थ नागरिकता प्राप्त गर्ने चौथो व्यक्ति दक्षिण कोरियाका पर्वतारोही उम होङ्ग गिल (सन् २०२०) हुन्।

**२. विश्वव्यापी नवप्रवर्तन सूचकाङ्क २०२२ अनुसार नेपाल कति औं स्थानमा रहेको छ?**

≅ १११औं (सन् २०२१ मा पनि नेपाल १११औं स्थानमा रहेको।

– सूचीको अग्रस्थानमा रहन सफल प्रथम पाँच राष्ट्रः स्विट्जरल्यान्ड, अमेरिका, स्विडेन, बेलायत र नेदरल्यान्ड रहेका छन्। १३२ देश समेटी तयार पारिएको सो सूचीको अन्तिम स्थानमा गिनी रहेको।

– दक्षिण एसियाली राष्ट्रहरूको अवस्था यस्तो छ- भारत ४०औं, श्रीलङ्का ८४औं, पाकिस्तान ८७औं, बङ्गलादेश ११०औं र नेपाल १११औं

– प्रतिवेदनमा समेटिएका दक्षिण एसियालीका पाँच देशमध्ये नेपाल सबैभन्दा पछाडि रहेको थियो।

**३. नेपालमा कारागार नभएका जिल्ला कतिवटा रहेका छन् ?**

≅ पाँच (धनुषा, बारा, भक्तपुर, नवलपरासी पूर्व र रुकुम पूर्व)

– नेपालका ७७ जिल्लामध्ये ७२ जिल्लामा ७४ कारागार रहेका छन्। काठमाडौं र दाङमा दुई दुईवटा कारागार रहेका छन्। नेपालको पहिलो जेल सदर जेल (वि.सं. १९७१, काठमाडौं) हो।

– नेपालमा वि.सं. २०१९ मा कारागार ऐन, २०१९ निर्माण भई उक्त ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरी कारागार नियमावली, २०२० तर्जुमा भई लागू गरिएको।

– वि.सं. २०५० साउन १ देखि गृह मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा कारागार व्यवस्थापन विभागको स्थापना भई सञ्चालनमा आएको।

**४. पूर्वको गोसाइँकुण्ड भनी चिनिने प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल कुन हो ?**

≅ तिम्बुपोखरी

*संकलन- टंक के.सी. गोरखापत्र दैनिकबाट साभार*

# नेपालमा फैलिदै गरेको लम्पी स्किन रोग



**- नारायण ओली**

हाल नेपालका गाउँबस्तीका पशुवस्तुमा देखा परिरहेको लम्पी स्किन रोग छालामा लाग्ने रोग हो। यो भाइरलबाट लाग्ने रोग हो। जुन भाइरसको नाम क्याप्रिपोक्स हो। जुन पोक्स भाइरस समूह अन्तर्गत पर्छ। जसले गाईवस्तुलाई असर गर्छ। यो रगत चुस्ने कीराहरू, जस्तै- झिंगा र लामखुट्टे वा किर्ना र डाँसहरुको कारणले गर्दा हुने प्रकोप हो। यसले ज्वरो आउने, छालामा नोडल आउने र बिस्तारै मृत्यु पनि निम्त्याउन सक्छ।


यो रोग धेरै अफ्रिकी देशहरूमा देखिन्छ। सन् २०१२ मा मध्य पूर्वदेखि दक्षिण-पूर्वी युरोपमा फैलिएको थियो। यो रोग २४ जुन २०२० मा नेपालको मोरङ जिल्लामा पहिलो पटक देखिएको थियो। जर्सी क्रस-ब्रेडले होल्स्टेन-फ्रिजियन र भैंसीमा उच्च संवेदनशीलता देखिएको छ। यो रोग उन्नत जातको अलावा स्थानीय जातहरुमा पनि देखा परेको छ। यसको विकृति र मृत्युदर गाईवस्तुमा ३-७ र भैंसीमा ०% रहेको छ। यसको खोप हालसम्म नेपालमा उपलब्ध छैन।

दूध उत्पादनमा गिरावट आउने, प्रजनन समस्या देखिने, गर्भिनी पशु तुहिने, घाँटी, पुच्छर, पेट, थुन तथा शरीरका विभिन्न भागहरुमा साना साना गिर्खाहरु देखिने तथा सुन्निने, उच्च ज्वरो आउने, कचेरा वा सिंगान बग्ने, मुखबाट फिंज निकाल्ने आदि लक्षणहरु देखिने गर्छन्।

**लम्पी स्किन रोगका लक्षणहरू:**

उच्च ज्वरो (१०४ डिग्री फरेनहाइट भन्दा माथि) आउने, दानापानी कम खाने र दूध उत्पादन घट्ने गर्दछ। छालामा १ देखि ५ सेन्टिमिटरका साह्रा गोलो गिर्खाहरू (सामान्यतया सुरुमा टाउको र घाँटीमा) देखिने र विस्तारै शरीरभरि फैलिने गर्छ। लामो रौं भएका गाईभैंसीहरुमा गिर्खाहरू सजिलै देख्न सकिदैन। जीउमा छाम्दा वा पानीले भिजेको बेलामा देख्न सकिन्छ। सामान्य सङ्क्रमणमा गिर्खाहरूको सङ्ख्या थोरै भए पनि गम्भीर सङ्क्रमणमा पूरै शरीर ढाक्ने गरी आउन सक्छन्। गिर्खाहरू केही समयपछि हराउन सक्छन्। कहिलेकाही गिर्खा फुटेर ठूला-ठूला घाउ

बनेर कीरा तथा झिंगाहरूले थप जटिल बनाउन सक्छन्। थुतुनो, ओठ, मुख र नाकभित्र घाउ देखिन्छ। आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउँछ। र्‍याल काढ्छ, लिम्फ नोडहरू सुनिन्छन्। केही सङ्क्रमित गाईभैंसीहरूले कुनै पनि लक्षण नदेखाउन सक्छन्।





## रोग सर्ने माध्यमहरु

लामखुट्टेको टोकाइबाट, झिंगा र किर्नाजस्ता किराहरूको टोकाइबाट संक्रमित गाईवस्तुहरूको ओसारपसार गर्दा, चरन क्षेत्र तथा दाना तथा पानी खाने ठाउँहरूबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट, पशु उपचार गर्ने क्रममा एउटै सुइको प्रयोगबाट, संक्रमित पशुहरुको प्रत्यक्ष सम्पर्कबाट रोग सर्न सक्छ।

## उपचार :

दुर्भाग्यवश यो रोग भाइरसबाट लाग्ने भएको हुंदा प्रभावकारी उपचार छैन। यसको सबैभन्दा राम्रो उपाय भनेको रोग लाग्न नदिनु नै उत्तम उपाय हो। यसको सट्टा संक्रमित जनावरहरूले सहायक हेरचाह गर्न सकिन्छ। जसमा लक्षणको आधारमा उपचार गर्न एन्टिबायोटिक, पेनकिलर र घाउ सफा गर्ने स्प्रेहरुको प्रयोग गर्न सकिन्छ। कुनै उपचार




नभए पनि रोग फैलिन नदिन वा नियन्त्रण गर्न भ्याक्सिनको प्रयोग गर्न सकिन्छ। दुर्भाग्यवश यस रोगको भ्याक्सिन हालसम्म नेपालमा उपलब्ध छैन। आशा छ, यस रोगको भ्याक्सिन नेपाल छिट्टै उपलब्ध हुने छ।

## रोकथाम तथा जैविक सुरक्षाः

तपाईं आफ्नो फार्मको सुरक्षा कसरी गर्न सक्नु हुन्छ? आफ्नो फार्मको सुरक्षाका लागि विभिन्न उपायहरु अपनाउने गर्नुहोला। विश्वसनीय स्रोतहरूबाट गाईभैंसी खरिद गर्नु पर्दछ। गाईभैंसी खरिद गरेर ल्याउँदा २८ दिनसम्म बथानबाट अलग्गै वा क्वारेन्टाइनमा राख्नु पर्दछ। यो रोगको प्रकोपको समयमा रोग लागेको ठाउँबाट गाईभैंसी ल्याउनु हुँदैन। गोठलाई झिंगा, लामखुट्टे तथा अन्य कीराहरूबाट मुक्त राख्नु, सरसफाइमा ध्यान दिनु पर्दछ। आवश्यकता अनुसार उपयुक्त कीटनाशक प्रयोग गर्नु पर्दछ। गोठको वरिपरि पानी जम्ने ठाउँ हुनु हुँदैन। आफ्नो फार्ममा जैविक सुरक्षा उपायहरू अवलम्बन गर्नु पर्दछ। प्रत्येक वर्ष पशुवस्तुहरुलाई खोप लगाउनु पर्छ।

**विगतको सम्झनाः** जनमुक्ति सेनाका पूर्व कमाण्डरसमेत रहनुभएका पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन (पासाङ)ले रुकुमपूर्वको भूमे गाउँपालिका वडा नं. ६ महतमा रहेको महत युद्ध फिचर तथा सहिद स्मृति पार्कको अवलोकन गर्नुभएको छ। साथमा भूमे गाउँपालिका अध्यक्ष, पूर्वअध्यक्ष, उपाध्यक्ष लगायत।





**ज्येष्ठ मुस्कानः** भूमे गाउँपालिका ६ खाम्दैमा सामुदायिक स्वास्थ्य इकाई उद्घाटन कार्यक्रममा सहभागी ज्येष्ठ नागरिकहरुको अनुहारमा देखिएको खुसी। गाउँपालिकाले स्थानीयबासीको स्वास्थ्य उपचारका लागि सामुदायिक स्वास्थ्य इकाई स्थापना गरेको छ।

**कुखुरा पाएपछिको खुसीः** ग्रामीण कुखुरा प्रवर्द्धन कार्यक्रम अन्तर्गत भूमे ८ भलाबोट टोलका २० घर कुखुरापालक किसानहरुलाई कुखुरा वितरण गरिएको छ।



कविता

# चिलगाडी

- नारायण ओली



आमाको काखबाट
बसाइँ सरेको पनि थुप्रै दसक बितेछन्
साँच्चै जिन्दगी
स्वर्णिम अक्षरले लेखेको एउटा यात्रा रहेछ
कहिले लेख र बेंसी
जाडो र गर्मी छल्न हिडेका
मालचरीका बथानजस्तो
कहिले आँधीबेहरी छल्दै
सेता चुचुरोका पछाडिपट्टि गुराँसेडाँडामा बसेर
कहिले गोताखोर बनेर
समुन्द्रका छालहरुमा सयल खेल्दै डुबुल्की मार्न
बसन्त र ग्रीष्मको परिवर्तनसँगै
जीवनका गाथाहरु छोड्दै
उमेरका स्तम्भहरु थप्छन्
उहीं पुरानो पात्र
नयाँ सपनाका भारीहरु बोकेर
समयको बाटोमा दौडिरहन्छ।

सपनाको खोजीमा
गाउँबाट बसाइँ सार्दै शहर पुग्छ
दु:ख बेचेर सुख किन्न
शहर त्यागेर राजधानी छिर्छ
राजधानीले सुख त दिदैन
तर दु:खको दोकान चल्ने ठाउँमा राख्न सिकाउँछ
समयले परिवार त्यागेर
दु:ख बेच्न प्रदेश पु-याउँछ
बाआमा बिर्सेर
सन्तान पाल्न तातो मरुभूमिको देश छिराउँछ
सात समुन्द्रजस्तै
सपनाहरु छताछुल्ल छरिएका छन्
चिलगाडीजस्तै
भविष्यका कर्णधारहरु उडेका उडदै छन्

मेरो घर कहिल्यै बनेन
दिन प्रतिदिन गरिब बन्दै गएको छ
भाषण र कुर्सीमा
बुढो नेतृत्वले भुडी समृद्ध बनाउँछन्
घर खर्च धान्न नसकेर
युवाहरू सपनाको देशमा जान्छन्
गाउँमा जन्ती र मलामी छैनन्
गोठमा बुढाबुढी र स्कुलमा केटाकेटी भेटिन्छन्
छिमेकीको ऋणले
मेरो बूढो भएको घर थला परेको छ
मरुभूमिको पसिनाले
गाउँमा उत्पादन हुनै छोड्यो
खाद्यान्न प्रदेशको
विप्रेषण जहाँबाट आउँछ
गाउँ पुग्दैन
लाज नमानेर उतै फर्किन्छ।

हिड्न सक्दैन
मेरो घर लुलो भएको छ
मुख थुनिएको छ
आजभोलि त बोल्न पनि सक्दैन
कहिले पनि नझुकेको मेरो घर

व्यवस्था र शासक फेरिएपछि झुकेको छ
घरका सदस्यहरु
क्रान्तिकारीबाट हन्तकारी बनेका छन्
छिमेकीले ढोका थुने
भोकमरीले साह्रै पिरोल्छ जस्तो लाग्छ
अवस्था त फेरिएन
व्यवस्था फेरियो तर थेक्न सकेन

हामी जाने लाहुर
लाहुरजस्तो छैन, हामीबाट खोसिएको छ
मरुभूमिमा पसिना सोस्सिएको छ
कति बिलाएका छन्
कति सपनाहरु उडेका छन्
शरीर माल्टातिर
मन भने चारैतिर डुलिरहेको हुन्छ
कहिले घरको दलिनमा
पलेटी कसेर बसेको हुन्छ
कहिले मुग्लानको चिसो छिडीमा
भरियासँग भारी कसेको हुन्छ
कहिले आमाको न्यानो काखमा
घुर्दै सुतिरहेको हुन्छ
सबै सपना हुन्छन्
बिउझिला दुःखका चाङले भाग्य भरिएको हुन्छ
सुख लुकामारी खेल्छ
दिनचर्या गुज्रिन्छन् सुखको खोजीमा
घाम सधैं डुब्छन्
घामसँगै जीवन पनि डुब्छ।
❑

## गजल

**- विरस थापा**

लगाउने नजर पनि त अब्बल हुन सक्छ।
हतारको निर्णयले मन हलचल हुन सक्छ।

हेर्ने नजर र सोच्ने मन फरक भयो भने
अति सानो झुपडी पनि महल हुन सक्छ।

सधैं सबैले सकारात्मक सोच्यौ भने त झन
सोच्दै नसोचेको कुराको पहल हुन सक्छ।

एक पटक गल्ती गरिसकेपछि स्वीकार्नु पर्छ
नत्र फेरि गल्तीहरु पनि पलपल हुन सक्छ।

आफ्नै भर नपरेर अर्काको भर प-यौ भने त
सधैं अरुकै सब कुराको नक्कल हुन सक्छ।

## गजल

**-तारक रोका मगर**

त्यो दिन आउनेछ अनि रात आउनेछ।
अँधेरीमा समाउन कसैको हात आउनेछ।

त्यो मुस्कानको पछि नअल्झिनु कसैको
मुस्कानको पछि लुकेर घात आउनेछ।

खुकुरीले पनि निरङ्कुश प्रहार नगर
एक दिन अचानोको पनि आँट आउनेछ।

शिशिरमा सुख्खा भए पनि रुखहरु
बसन्तमा हरियाली पात आउनेछ।

वर्ग नछुट्या सरकार देशबासीहरुको यहाँ
तैंले देख्दै नदेखेको यहाँ जात आउनेछ।

## कार्यालयबाट प्रकाशित विभिन्न सूचनाहरु

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल

**सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन हुने सम्बन्धी सूचना।**

**प्रकाशित मितिः २०८०।०१।०४ गते**

यस भूमे गाउँपालिका गाउँकार्यपालिका कार्यालयको चालु आ.व. २०७९।८० को तेस्रो त्रैमासिक अविधसम्म सम्पन्न भए गरेका योजनाहरु, कार्यक्रमहरु एवम् सेवा प्रवाह सम्बन्धमा तपसिलको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई हुने भएकोले उक्त कार्यक्रममा सम्पूर्ण राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, शिक्षक, बुद्धिजिवी, पत्रकार, संघसंस्था तथा गाउँपालिकाबासीहरुको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपसिलः**

मितिः २०८० बैशाख १७ र २० गते ।

समयः बिहान ११:०० बजे ।

स्थानः बैशाख १७ गते भूमे गाउँपालिका, वडा नं. ९ चुनबाङ र बैशाख २० गते भूमे गाउँपालिका वडा नं. ६ महत ।

...................................

(प्रेम प्रसाद भट्टराई)

अधिकृत छैटौं

प्रेम प्रसाद भट्टराई

अधिकृत (छैटौं)

भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(आन्तरिक पदपूर्ति समिति)

खाबाङवगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश,नेपाल

पत्र सं. : २०७९/०८०
सूचना नं. : ६६

**प्राविधिक सहायक पदको प्रारम्भिक सूची प्रकाशन सम्बन्धी सूचना !**
**(मितिः २०७९।१२।३० गते)**

यस कार्यालयले मिति २०७९/११/२३ प्रकाशित प्रविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना बमोजिम जम्मा माग संख्या १ (एक) का लागि दोस्रो पटक विज्ञापन आह्वान गरिएकोमा मिति २०७९/१२/०७ गते कार्यालय समयभित्र रीतपूर्वक दरखास्त दिएका उम्मेदवारहरुको **स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा ६ को उपदफा (२)** बमोजिमको मूल्याङ्कनका आधारमा कायम हुन आएका तपसिल बमोजिमका उम्मेदवारहरुको वर्णानुक्रम अनुसार प्रारम्भिक सूची प्रकाशन गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ।

**तपसिलः**

| क्र.स | उम्मेदवारको नामथर वर्णानुक्रम अनुसार | बाबु/आमाको नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | निशान गौतम | चिन्तामणी /रञ्जना | सिस्ने-५, रुकुम (पूर्व) | |
| २. | बिबिसान गहतराज | होम बहादुर/कर्मपूरा | भूमे-९, रुकुम (पूर्व) | |
| ३. | बिष्मान सुनार | बलाराम/ धनकुमारी | भूमे-७, रुकुम (पूर्व) | |
| ४. | राहुल गिरी | रण बहादुर/विष्णु कुमारी | मु.न.पा.-४, रुकुम (पश्चिम) | |
| ५. | लक्ष्मण खड्का | राम बहादुर /अमृता | सिस्ने-३, रुकुम (पूर्व) | |
| ६. | श्याम वावु यादव | हरि प्रसाद/समारीदेवी | धनगढीमाई न.पा.-६, सिराहा | |
| ७. | सुनिल बुढा मगर | जय बहादुर/गर्भी | भूमे-८, रुकुम (पूर्व) | |

छोटो सूचीमा समावेश उम्मेदवारहरूको लिखित र प्रयोगात्मक परीक्षा निम्न मिति, समय र स्थानमा सञ्चालन हुने बेहोरा जानकारी गराईन्छ।

मिति : २०८०/०१/०८ गते

समय : लिखित परीक्षा बिहान ११:०० बजे, कम्प्यूटर सम्बन्धी प्रयोगात्मक दिउँसो : २:०० बजे

स्थान : भूमे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, खाबाङबगर, रुकुम (पूर्व)।

नोट : लिखित परीक्षामा उपस्थित हुने उम्मेदवारहरुले दरखास्तसँगै पेश गरेको कागजातहरुको सक्कल कागजात अनिवार्य ल्याउनुपर्ने छ।



# ज्यानमारा रोग रेविजबाट

## आफू कसरी बच्ने र अरुलाई बचाउने ?





बौलाहा कुकुर,विरालो,स्याल,न्याउरी मुसा वा अन्य मांसहारी जनावरको टोकाईबाट रेविज रोग सर्दछ ।



बौलाहा वा शङ्कास्पद कुकुर र जंगली जनावरले टोकेमा तुरुन्तै सावुन पानी वा सफा पानीले ५ मिनेटसम्म राम्रोसँग घाउ पखालौं र औषधी लगाऔं ।



टोक्ने कुकुर १० दिनभित्र मऱ्यो,मारियो,बेपत्ता भयो वा चिन्न सकिएन भने डाक्टरको सल्लाह बमोजिम रेबिज रोग विरुद्धको खोप लगाउने । **सावधान !** बौलाहा कुकुरले टाउको वा आसपासका धेरै ठाउँमा नराम्रो गरि टोकेको अवस्थामा तुरुन्तै रेबिज विरुद्धको खोप लगाउनुपर्छ । किनकी रोग लाग्ने सम्भावना धेरै हुन्छ ।



पाल्तु कुकुर वा विरालोलाई नियमित रुपमा रेविज रोग विरुद्धको खोप लगाउनुपर्छ । पहिलो पटक ३ महिनाको उमेरमा दोस्रो पटक ९ महिनाको उमेरमा त्यसपश्चात प्रत्यक वर्ष रेबिज विरुद्धको खोप लगाउनु पर्छ ।

**कहिलै बिर्सिनु भएन,रेविज रोग लागेपछि कुनै उपचार हुदैन तर बेलैमा सावधानी पुग्यो भने सजिलै बाँच्न सकिन्छ।**

अनि यता पनि हेरौं त ।

- बौलाएको कुकुरले टोकेमा नियमित रेबिज रोग विरुद्धको खोप लगाउनुपर्छ।
- आजसम्म एउटा मात्र खोप लगाएर पुग्ने रेबिज खोप पत्ता लागेको छैन ।



भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**पशु सेवा केन्द्र**

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

## जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराइँ, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।